"धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर"

# धनकुटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# धनकुटा
# १ प्रदेश, नेपाल

**विषय : धनकुटा नगर कार्यपालिकाको कार्यालयको करार सेवामा कर्मचारी पदपूर्ति सम्वन्धी सूचना**

प्रकासित मिति : २०७५।२।१४

धनकुटा नगर कार्यपालिकाको कार्यालयमा रिक्त रहेको कर्मचारी दरवन्दीमध्ये **धनकुटा नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५** र **"धनकुटा नगरपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५"** अनुसार देहायका पदहरुमा खुला प्रतियोगितात्मक परीक्षा सञ्चालन गरी करार सेवामा पदपूर्ति गरिने भएकाले तपसिल अनुसार योग्यता पुगेका उम्मेद्वारहरुलाई दरखास्त पेश गर्न सम्वन्धीत सवैको जानकारीको लागि यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

निम्न :

| विज्ञापन नं. | पद | स्तर,तह | सेवा | छनौट क्षेत्र | संख्या | परीक्षा प्रकृया | परीक्षा मिति | समय |
|---|---|---|---|---|---|---|---|---|
| १/०७४/७५ | दमकल अपरेटर | सहायकस्तर चौथो | प्राविधिक | खुला | एक | प्रयोगात्मक परीक्षा | २०७५।२।३१ | दिनको १.०० वजे |
| २/०७४/७५ | **नगर प्रहरी सहायक निरीक्षक** | **सहायकस्तर चौथो तह** | प्रशासन | खुला | एक | शारिरीक तन्दुरुस्ती परीक्षा | २०७५।३।१ | विहान ८.०० वजे |
| | | | | | | लिखित परीक्षा | २०७५।३।३ | दिनको ११.०० वजे |
| ३/०७४/७५ | **नगर प्रहरी हवल्दार** | **सहायकस्तर तेश्रो तह** | प्रशासन | खुला | एक | शारिरीक तन्दुरुस्ती परीक्षा | २०७५।३।१ | विहान ८.०० वजे |
| | | | | | | लिखित परीक्षा | २०७५।३।३ | दिनको २.०० वजे |
| ४/०७४/७५ | **नगर प्रहरी जवान** | **सहायकस्तर पहिलो** | प्रशासन | खुला | तीन | शारिरीक तन्दुरुस्ती परीक्षा | २०७५।३।१ | विहान ८.०० वजे |
| ५/०७४/७५ | **नगर प्रहरी जवान** | **सहायकस्तर पहिलो** | प्रशासन | महिला | एक | लिखित परीक्षा | २०७५।३।४ | दिनको १.०० वजे |
| ६/०७४/७५ | **नगर प्रहरी जवान** | **सहायकस्तर पहिलो** | प्रशासन | आदिवासी/जनजाति | एक | | | |
| ७/०७४/७५ | **नगर प्रहरी जवान** | **सहायकस्तर पहिलो** | प्रशासन | मधेसी | एक | | | |

**दरखास्त सहित पेश गर्नु पर्ने प्रमाणहरु**

१. विज्ञापन नं. १/०७४/०७५ को लागि साधारण लेखपढ गर्न सक्ने भएको, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, हेभी सवारी चालकको इजाजत पत्र तथा सम्बन्धित विषयमा तालिमको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी निवेदन पेश गर्नु पर्नेछ ।

२. विज्ञापन नं. २/०७४/०७५ को लागि मान्यता प्राप्त शिक्षण संस्थावाट प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरेको प्रमाणपत्रको प्रतिलिपी, विज्ञापन नं. ३/०७४/०७५, ४/०७४/०७५,५/०७४/७५, ६/०७४/७५ र ७/०७४/७५ को लागि मान्यता प्राप्त शिक्षण संस्थावाट एस.एल.सी उत्तिण गरेको प्रमाण पत्रको प्रतिलिपी, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।

३. विज्ञापन नं. १/०७४/०७५ को लागि दरखास्त आवहृान गरेको मितिमा १८ बर्ष पुराभई ३५ बर्ष ननाघेको व्यक्ति तथा विज्ञापन नं. २/०७४/०७५, ३/०७४/०७५, ४/०७४/०७५, ५/०७४/७५, ६/०७४/७५ र ७/०७४/७५ को पदहरुमा मिति २०७५ साल बैशाख १ गते १८ बर्ष पुरा भई मिति २०७५।२।२९ गते भित्र २४ बर्ष ननाघेको व्यक्तिले मात्र आवेदन पेश गर्न सक्नेछ ।

४. नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

५. कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।

६. मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

७. महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।

८. छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

९. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

१०. समावेसी पदहरु आदिवासी/जनजाति र मधेसी क्षेत्रमा आवेदन पेश गर्ने व्यक्तिहरुले सो विवरण खुलेको प्रमाणित कागजात समेत पेश गर्नु पर्नेछ ।

११. नगर प्रहरी कर्मचारी पदको लागि हुने शारिरीक तन्दुरुस्ती परीक्षामा उत्तिर्ण भएको व्यक्तिलाई मात्र लिखित परीक्षामा सहभागि गराईने छ ।

१२. वुदा नं. १ र २ मा उल्लेखित प्रमाणका प्रतिलिपीहरु निवेदकवाट प्रमाणित गरी संलग्न राख्नुपर्नेछ ।

१३. सहायकस्तर चौथोको लागि रु ५००।०० , सहयकस्तर तेश्रो तहको लागि रु ४००।०० र सहायकस्तर पहिलो तहको लागि रु. ३००।०० परीक्षा दस्तुर लाग्नेछ । सो परीक्षा दस्तुर नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखामा बुझाई नगदी रसिद वा नगर कार्यापालिकाको नाममा राट्रिय बाणिज्य बैंक धनकुटामा रहेको सञ्चित कोष खाता नं. २०१०३०४०१८१०२ मा रकम जम्मा गरेको बैंक भौचर सहित फाराम पेश गर्नुपर्नेछ ।

१४. नगर कार्यपालिकाको कार्यालयवाट प्राप्त भएको फाराम भरी धनकुटा नगर कार्यपालिकाको कार्यालयमा तोकिएको मिति भित्र कार्यालय समयमा पेश गर्नुपर्नेछ ।

१५. उल्लेखित प्रयोगात्मक तथा लिखित परीक्षाको नतिजा प्रकासन गरेको दिन अन्तरवार्ता मिति तोकिनेछ ।

**नोट :** १ परीक्षा भवन कार्यालयवाट पछि जानकारी गराइनेछ ।

२. परीक्षा समय हेरफेर भएमा धनकुटा नगर कार्यपालिकाको कार्यालयवाट अग्रीम सूचना प्रकाशन गरिनेछ ।

३ .परीक्षाको पाठ्यक्रम लोकसेवा आयोगबाट सम्बन्धित पदको लागि लिइने परिक्षालाई आधार मानी तयार गरिएको लिखित परीक्षाको पाठ्यक्रम धनकुटा नगर कार्यपालिकाको कार्यालयबाट उपलब्ध गराईनेछ ।

४.थप जानकारीको लागि धनकुटा नगरपालिका कार्यालयको वेभ साइट : www.dhankutamun.gov.np मा तथा प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ । थप जानकारीको लागि सम्पर्क नम्वर ०२६-५२०१४३ ।

**कर्मचारी पदपूर्ति समितिको सचिवालय**
**धनकुटा नगर कार्यपालिकाको कार्यालय, धनकुटा**